# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- ९८२

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति - २०७७/४/१८ गते

**बिषय - बिवरण उपलब्ध गराउने सम्बन्धमा ।(ताकेता)**

श्री वडा कार्यालय (१-११) सबै
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा भूमि सम्बन्धी समस्या समाधान आयोगको च.नं. ३५ मिति २०७७/४/१४ को पत्र यसै साथ संलग्न ३ दिन भित्र बिवरण पठाइसक्नुहुन अनुरोध गरिन्छ । यस बिषयमा मिति २०७७/०३/१९ गतेको च.नं. ८२४५ को पत्र समेत पठाएकोमा कुनै वडाले बिवरण नपठाएका कारण पुन ताकेता गरिएको ब्यहोरा समेत अनुरोध गरिन्छ ।

७७/४/१८

अनिल प्रसाद जोशी
अधिकृत सातौं

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

नेपाल सरकार

# भूमि सम्बन्धी समस्या समाधान आयोग

(.................................................शाखा)

पत्र संख्याः- २०७७/०७८
चलानी नं.:- ३५

रेडक्रस मार्ग, ताहाचल, काठमाडौं

मिति :-२०७७।०४।१४

भूमि सम्बन्धी समस्या समाधान आयोग नेपाल सरकार ताहाचल, काठमाडौं

विषयः- विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै)

आयोगको मिति २०७७।०१।१४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।०१।२६ च.नं ४१० र आयोगको च.नं. २९, मिति २०७७।२।३२ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै हुनु पर्दछ । सो सम्बन्धमा यस आयोगले टेलिफोन बाट समेत संलग्न ढांचा अनुसारको तथ्याङ्क पठाई दिने भनि ताकेता गरिसकेको हुंदा त्यस गाउँपालिका/नगरपालिकामा सो ढांचा अनुसारको तथ्याङ्क भए यस आयोगको email bhumiaayog@gmail.com मा भरि पठाई दिन हुन वा यस गाउँपालिका/नगरपालिकामा भूमिहीन, सुकुम्वासी र अव्यवस्थित वसोवासी नभएको भनि लेखि पठाई आयोगको काममा सहयोग गरी दिन हुन आदेशानुसार अनुरोध छ ।

०७७।०४।१४

...................
(गणेश प्रसाद पोखरेल)
शाखा अधिकृत

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७६/०७७
चलानी नं :- २२४५

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

मिति - २०७७/३/१९ गते

**विषय - भूमीहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीको पहिचान लगत संकलन सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै (१-११)
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१० मिति २०७७/१/२६ को पत्रानुसार यस नगरपालिका भित्रका वडाहरुमा बसोबास गर्दै आएका भूमीहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीको पहिचान लगत संकलन र प्रमाणिकरणका लागी तल उल्लेखित ढाँचामा बिवरण संकलन गरी बढीमा १ हप्ता भित्र बिवरण पठाउनुहुन अनुरोध गरिन्छ ।

अनिल प्रसाद जोशी
अधिकृत सातौं

बिवरण

भूमि सम्बन्धि समस्या समाधान आयौग २०७६

**भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीको बिवरण**

प्रदेश .................... जिल्ला ............................... नगरपालिका ...................

| वडा नं | जम्म परिवार | भूमिहिन दलित परिवार | भूमिहिन सुकुम्बासी परिवार | अव्यवस्थित बसोबास परिसवार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

आवश्यकता अनुसार कोठा थप्न सक्नुहुनेछ ।

**नगरपलिकामा भएक भूमि सम्वन्धी समस्याहरु भए तलको कोठामा ठीक चिन्ह लगाउनुहोस**

| | | | |
|---|---|---|---|
| गुठी | | मोही बाँडफाँड | |
| बिर्ता | | गाउँब्लक | |
| स्वबासी | | हदबन्दी भन्दा बढी जग्गा भएको | |
| बेनिस्सा | | अन्य (खुलाउने)...................... | |

- भूमिहिन सुकुम्बासी भन्नाले नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ ब्यक्ति सम्झनु पर्छ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ । (भूमी सम्बन्धी ऐनको आठौं संशोधन,२०७६)

सम्पर्क न : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np